IT

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

### (बिगो नं. १/१४, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला तेह्रथुम सिम्ले गा.वि.स. वडा नं. ८ मा घर भई हाल काठमाण्डौं महानगरपालिका वडा नं. ६ जोरपाटी बस्ने अडिमर्दन कार्की प्रतिवादी जिल्ला पाँचथर साविक थर्पु -४ हाल परिवर्तित याङवरक गा.पा. वडा नं. ४ बस्ने सविनकुमार मावो भएको दु.फौ.नं. ०३३०२ को चेक अनादर मुद्दामा काठमाण्डौं जिल्ला अदालतको मिति २०७०/०५/३१ को फैसला बमोजिम नगद साँवा रकम रु.६,०५,०००/- र सो को चेक फिर्ता भएको मिति २०६९/०६/२८ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. ५,५८,२८०।५७ समेतको जम्मा बिगो रकम रु.११,६३,२८०।५७ भराई पाऊँ भनी बादीको मिति २०७१/११/११ मा दरखास्त परी उक्त दरखास्त मिति २०७३/०६/१२ मा मुल्तवी रहेकोमा वादीले मिति २०७६/०४/२९ मा मुल्तवीबाट जगाई पाँउ भनी निवेदन दिई मुल्तबीबाट जगाई कारवाहीक्रममा प्रतिबादीको नाममा ०७ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७६/०५/१३ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिबादीले सो रकम दाखिल नगरेको हुँदा वादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका बाबुको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि पहिलो पटक तोकिएको मिति २०७८/०८/१४ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/०६/१९ मा कायम भईसकेकोले बिगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम गर्न डाक लिलाम गरी उक्त बिगो भराईदिनु परेको हुँदा दोस्रो पटक मिति २०७८/०९/२० गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, याङवरक गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/०९/२० गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोली पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | भगवतीप्रसाद मावो | पाँचथर | सिरिसे | २क | २२ | २-९-१-२ | रु.२,५०,०००।- |
| २ | भगवतीप्रसाद मावो | पाँचथर | सिरिसे | २क | ११५ | २-९-०-१ | रु.१,५०,०००।- |
| ३ | भगवतीप्रसाद मावो | पाँचथर | सिरिसे | २क | १३१ | २३-९-२-३ | रु.३,७५,०००।- |
| ४ | भगवतीप्रसाद मावो | पाँचथर | सिरिसे | २क | १६५ | १५-२-२-२ | रु.९०,०००।- |
| ५ | कि.नं. १३१ मा रहेको माछापोखरी | | | | | | रु.१,४५,०००।- |
| ६ | कि.नं. १३१ मा रहेको घर | | | | | | रु.१८,५०,०००।- |
| ७ | कि.नं. १३१ मा रहेको निर्माणाधीन बंगुर फार्म | | | | | | रु.९,००,०००।- |

ईति सम्वत २०७८ साल मंसिर महिना १४ गते रोज ३ शुभम------------------------------------------------